# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ४भक्तपुर, चैत्र१७गते, २०७७ साल संख्या५**


**भाग१**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको सातौंनगर सभा २०७७ बाट पारित भएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।**

**सम्वत् २०७७ सालको ऐन**

## भक्तपुर नगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०७७

भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ लाई संशोधनगर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको सातौं नगरसभाले देहायबमोजिम संशोधनगरिएको छ ।

१. संक्षिप्तनाम र परिभाषा : (१) यो ऐनको नाम“भक्तपुर नगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ (यसपछि मूल ऐन भनिएको छ) को दफा २ (त) मा रहेको “प्रारम्भिक सदस्यभन्नाले सहकारी संस्था स्थापनागर्दाताकाको सदस्यताप्राप्त गरेकाव्यक्ति सम्झनु पर्छ” भन्ने वाक्यांशको सट्टा “सदस्यभन्नाले सहकारी संस्थाको सदस्यताप्राप्त गरेकाव्यक्ति सम्झनु पर्छ” भन्ने वाक्यांश राखिएको छ ।

३. मूल ऐनको दफा ३ उपदफा (४) पछि देहायबमोजिमथपगरिएको छ ।

(५) भक्तपुर नगरपालिकास्तरीय बिषयगत संघ गठन गर्न सकिनेछ ।

४. मूल ऐनको दफा ६ उपदफा १ मा रहेको “बोर्ड” भन्ने शब्दको सट्टा “कार्यपालिका”भन्ने शब्द राखिएको छ ।

५. मूल ऐनको दफा ६ उपदफा ४ मा रहेको “वार्षिक”भन्ने शब्दको सट्टा “मासिक”भन्ने शब्द राखिएको छ ।

६. मूल ऐनको दफा १० मा रहेको “दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ” भन्ने वाक्यांशको सट्टा “भक्तपुर नगरपालिकामानिवेदनदिई स्वीकृतिलिनु पर्ने छ” भन्ने वाक्यांश राखिएको छ ।

७. मूल ऐनको दफा ११ उपदफा १(क) मा रहेको “उत्पादक संस्था, कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल”भन्ने वाक्यको पछाडि “पर्यटन” भन्ने शब्दथपगरिएको छ ।

८. मूल ऐनको दफा २७उपदफा ३ (ख) मा रहेको “दफा ३८” भन्ने शब्दहरुको सट्टा “दफा ३७” भन्ने शब्दहरु राखिएको छ ।

९. मूल ऐनको दफा ३० उपदफा २ मा रहेको “अर्थिक सम्पत्ति”भन्ने शब्दहरुको सट्टा “आर्थिक समिति”भन्ने शब्दहरु राखिएको छ ।

१०. मूल ऐनको दफा ३१ उपदफा (ञ) पछि देहायबमोजिमथपगरिएको छ ।

(ट) सहकारी संस्थाले संस्थाको चौमासिकप्रतिवेदनभक्तपुर नगरपालिकामा पठाउनु पर्नेछ ।

११. मूल ऐनको दफा ३२ उपदफा (ख) मा रहेको “दफा ३४” भन्ने शब्दहरुको सट्टा “दफा ३३” भन्ने शब्दहरु राखिएको छ ।

१२. मूल ऐनको दफा ४० उपदफा २ मा रहेको “दश”भन्ने शब्दको सट्टा “बीस”भन्ने शब्द राखिएको छ ।

१३. मूल ऐनको दफा ४८ उपदफा ५ खारेज गरिएको छ ।

१४. मूल ऐनको दफा ५० उपदफा (क) मा रहेको “चौमासिक र” भन्ने शब्दहरु हटाएको छ ।

१५. मूल ऐनको दफा ६९ उपदफा (७) पछि देहायबमोजिमथपगरिएको छ ।

(८) भक्तपुर नगरपालिकाभित्र केन्द्रीयकार्यालय, सेवा केन्द्र राखी संचालित सम्पूर्ण सहकारी संस्थाहरुको अनुगमननिरीक्षण भक्तपुर नगरपालिकाले गर्नेछ ।

**आज्ञाले**
**(रामलालश्रेष्ठ)**
**प्रमुखप्रशासकीयअधिकृत**

**प्रमाणिकरण मिति : २०७७।३।२३गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**